नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन नं.: ०५१-५२१०३३

# तथ्याङ्क समन्वय कार्यालय

# पर्सा

## करार सेवामा जनशक्ति (गणक) लिनेसम्बन्धी सूचना

**सूचना नं.: ४**

(प्रथम पटक प्रकाशित मितिः २०८२/१२/१७)

स्थलगत यातायात सर्वेक्षण २०८२ मा स्थलगत तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र सङ्ख्यामा करार सेवामा जनशक्ति लिई काम गर्नुपर्ने भएकाले, देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले **७ (सात) दिनभित्र** दरखास्त आह्वान गरिएको छ।

तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले **तथ्याङ्क समन्वय कार्यालय, पर्सामा** दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी तथा रीत नपुगी आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

<u>तपसिलः</u>

१. **आवश्यक पदः** गणक
२. **आवश्यक सङ्ख्याः** ३ (तीन) जना
३. **न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह (१०+२) वा सो सरह उत्तीर्ण।
४. **उम्मेदवारको उमेरः** आवेदन दिने अन्तिम मितिमा १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।
५. **काम गर्नुपर्ने स्थानः** पर्सा, बारा, रौतहट र सर्लाही जिल्लाहरु।
६. **कामको विवरणः**
   - सूचीकरण कार्यको लागि स्थलगत तथ्याङ्क सङ्कलन गर्ने।
   - स्थलगत यातायात व्यवसायसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्न नमूना छनोट सूचीमा परेका यातायात व्यावसायी तथा सोसँग सम्बन्धित तथ्याङ्क सङ्कलन गर्नुपर्ने।

तथ्याङ्क अधिकृत

७. **दरखास्तका साथ पेश गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- यातायात व्यवसायसँग सम्बन्धित तालिम तथा अनुभवका प्रमाणपत्रहरू (भएमा)

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय
तथ्याङ्क समन्वय कार्यालय
पर्सा

८. **सम्पर्क स्थान:** तथ्याङ्क समन्वय कार्यालय, पर्सा। **फोन नं.: ०५१-५२१०३३**

९. **छनोट विधि:** प्राप्त दरखास्तहरू अध्ययन गरी उम्मेदवारको देहायको आधारमा प्रारम्भिक सूची (Shortlist) तयार गरिनेछ र उक्त सूचीमा परेका उम्मेदवारहरूको अन्तर्वार्ता लिई अन्तिम छनोट गरिनेछ:

- यातायात व्यवसायसंग सम्बन्धित ज्ञान/प्रमाण (सूचीकरण तथा मूल तथ्याङ्क सङ्कलन गर्नको लागि कार्यपत्र)।
- यातायात व्यवसायसंग सम्बन्धित तालिम तथा अनुभवका प्रमाणपत्रहरू
- स्थानीयता
- तथ्याङ्क संकलनको अनुभवका प्रमाणपत्रहरू

१० **तलब तथा सेवा सुविधा:** कार्य सम्पन्न भए पश्चात नेपाल सरकारको रा.प. अनं. द्वितीय श्रेणीको तलब (मासिक) र स्थलगत कार्यमा खटिंदा नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराइनेछ।

११ **करार अवधि:** बढीमा २ महिना।

**<u>अन्तर्वार्ता सम्बन्धि विवरण:</u>**

| क्र.सं. | विवरण | मिति |
|---|---|---|
| १ | दरखास्त सङ्कलन | २०८२/१२/१७ देखि २०८२/१२/२३ सम्म। |
| २ | प्रारम्भिक सूची प्रकाशन | २०८२/१२/२३ कार्यालय समय पश्चात। |
| ३ | अन्तर्वार्ता | २०८२/१२/२४ गते।<br>स्थान: तथ्याङ्क समन्वय कार्यालय, पर्सा।<br>समय: प्रारम्भिक सूची प्रकाशन गर्दा तोकिनेछ। |
| ४ | अन्तिम छनोट | २०८२/१२/२४ गते। |

तथ्याङ्क अधिकृत